# दशरथचन्द नगरपालिकाको कार्यालय

# नगरस्तरीय खेलकुद संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**प्रस्तावना :**

दशरथचन्द नगरपालिका क्षेत्रभित्र खेलकुदको माध्यमबाट युवा, विद्यार्थी तथा सर्वसाधारण जनताको शारिरिक तथा मानसिक विकास गरी सक्षम, अनुशासित र गतिशिल नागरिक तयार गर्नकालागि खेलकुद सम्बन्धि बिभिन्न गतिविधिहरु संचालन गरी सबै खेलका बिधाहरुमा खेलकुद प्रतियोगिताहरु आयोजना गर्न, क्षेत्रिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा हुने खेलकुद प्रतियोगितामा यस नगरपालिकाको समेत सहभागीता अहम रहने भएकोले यस नगरपालिकामा खेलकुद एवं खेल पर्यटनको विकास गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग तथा सुदुरपश्चिम प्रदेशको स्थानिय कानुन निर्माण प्रकृया ऐन २०७५ बमोजिम यो कार्यविधि बनाई नगर सभाबाट पास गरि बनाएको छ ।

**परिच्छेद : १**

**प्रारम्भिक**

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम : नगरस्तरीय खेलकुद संचालन तथा व्यवस्थापन कार्यविधि, २०७९ रहनेछ ।

(२) यो कार्यविधि नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ

२ परिभाषा : विषय वा प्रसंग अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क)"समिती" भन्नाले दशथचन्द नगरपालिका नगर खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।

ख)"नगरपालिका" भन्नाले दशरथचन्द नगरपालिकालाई सम्झनुपर्छ

ग)"कार्यपालिका" भन्नाले दशरथचन्द नगरपालिकाको कार्यपालिका लाई सम्झनुपर्छ ।

घ)"कार्यालय" ले दशरथचन्द नगरपालिका भित्र रहेको नगर खेलकुद विकास समितिको कार्यालयलाई सम्झनु पर्छ ।

ङ)"खेलकुद विकास समिति" भन्नाले यो कार्यविधि बमोजिम गठित दशरथचन्द नगरपालिकाको कार्यपालिकाबाट गठित नगर स्तरीय खेलकुद विकास समितिलाई सम्झनुपर्छ ।

च)"संरक्षक" भन्नाले दशरथचन्द नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।



पुष्कर राज ... नगर प्रमुख

छ)"सह संरक्षक भन्नाले दशरथचन्द नगरपालिकाको नगर उप प्रमुखलाई सम्झनुपर्छ ।

ज) "अध्यक्ष" भन्नाले नगरस्तरीय खेलकुद विकास समितिकाका अध्यक्षलाई सम्झनुपर्छ ।

## परिच्छेद : २

### ३. नगर खेलकुद विकास समितिको उद्देश्य

३. नगर खेलकुद विकास समितिको उद्देश्यहरु निम्नानुसार हुनेछन ।

क) खेलकुदको माध्यमबाट अनुशासित जनशक्ति तयार गर्ने ।

ख) नगर भित्र खेलकुद संचालन गर्ने सबै संघ, संस्था, कल्बहरु बिच समन्वय गरी खेलकुद विकास गर्न योजना बनाई लागु गर्ने तथा खेलकुद विकास गर्न सघाउ पुर्याउने ।

ग) खेलकुद विकासले समाजमा अनुशासित, गतिशील नागरिक तयार गर्न खेल संस्थाको विकास गर्ने ।

घ) खेलकुदको गतिविधिलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ।

ङ) खेलाडी प्रशिक्षण र प्रतियोगिताका असरहरुलाई विकेन्द्रिकरण गर्दै समानुपातिक विकास गर्ने ।

च) खेलकुद लाई जनजीवनको अभिन्न अङग बनाई जनसहभागितामा वृद्धि गर्ने ।

छ) निरन्तर अध्ययन अनुसन्धानका आधारमा प्रशिक्षण र प्रतियोगितालाई बढी वैज्ञानिक र स्तर युक्त बनाउदै स्तरिय खेलाडी उत्पादन गर्ने गरी उनीहरुको कार्यदक्षता बाट राष्ट्रलाई समेत राष्ट्रिय, अर्न्तराष्ट्रिय क्षेत्रमा राष्ट्रिय गौरव अभिवृद्धि गर्ने ।

ज) खेलकुदको माध्यमबाट जनजीवनको शारिरीक तथा मानसिक विकास गर्ने ।

झ) खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहित गर्ने ।

ञ) अपांग तथा सुस्त मनस्थितिका लागि पनि उपयुक्त खेलकुद विद्यालयहरुको विकास, प्रवर्द्धन एवं आयोजना गर्ने, गराउने ।

ट) नगरका खेलाडीहरुको स्वास्थ्य सम्बन्धमा आवश्यक कार्यक्रम बनाई लागु गराउने ।

ठ) खेलकुद विकासका लागि अनुसन्धान केन्द्र बनाई खेल पर्यटनका आधारबाट नगरपालिकाको आर्थिक उन्नती वा टेवा पुर्याउने गरी कार्य गर्ने ।

ड) खेलकुदमा निजी क्षेत्रको संलग्नता एवम सहभागिता अभिवृद्धि गर्ने ।

ढ) खेलकुद प्रति सकारात्मक रुचि पैदा गर्ने, खेलकुदका लागि अनुकुल वातावरण सिर्जना गर्ने

ण) खेलकुदमा क्रियाशिलता संघ र संस्था, क्लवहरु तथा व्यक्तिहरुको पेशागत विकास गर्ने ।

पुष्कर राज जोशी
नगर प्रमुख

त) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेल प्रतियोगिताहरुमा सहभागी भई बैतडीको दशरथचन्द नगरपालिकाको ईज्जत, प्रतिष्ठा, गौरव बृद्धिमा योगदान पु-याउने खेलाडीहरुको सम्मान गर्ने ।

## परिच्छेद : ३

## नगर खेलकुद विकास समितिको गठन

**४) खेलकुद विकास समितिको स्थापना**

१) दशरथचन्द नगरपालिका भीत्र खेलकुद विकास गर्नका लागि दशरथचन्द नगरपालिका नगर खेलकुद विकास समितिको नामको एक नगर खेलकुद विकास समितिको स्थापना गरिने छ ।

२) उपदफा (१) बमोजिम स्थापना हुने खेलकुद विकास समितिमा देहाय बमोजिमका सदस्यहरु रहने छन ।

क) नगरपालिकाको सामाजिक विकास समितिका संयोजक वा नगरकार्यपालिकाले मनोनित गरेको कार्यपालिका सदस्यहरु मध्ये वा खेलक्षेत्रमा विशिष्ट योगदान पुरयाएको प्रतिष्ठित व्यक्ति मध्येवाट नगर प्रमुखबाट मनोनित १ जना - अध्यक्ष

ख) खेलक्षेत्रमा विशिष्ट योगदान पुरयाएको प्रतिष्ठित व्यक्ति मध्येवाट १ जना - उपाध्यक्ष

ग) शिक्षा तथा खेलकुद शाखा प्रमुख १ जना - सदस्य सचिव

घ) खेल क्षेत्रमा योगदान पुरयाएका नगर क्षेत्रका व्यक्तित्वहरु मध्यें नगर प्रमुखले मनोनयन गरेका कम्तिमा १ जना महिला सहित २ जना - सदस्य

ङ) नगरपालिका क्षेत्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा शिक्षकहरु मध्येबाट नगरकार्यपालिका द्धारा मनोनित २/२ जना गरी ४ जना - सदस्य

च) खेल संग सम्वन्धीत स्थानिय कल्ववाट नगरकार्यपालिका द्धारा मनोनित २ जना - सदस्य

**५. समितिको संरक्षक :**

१. नगर प्रमुख नगर खेलकुद विकास समितिको संरक्षक हुनेछ ।

२. नगर उपप्रमुख नगर खेलकुद विकास समितिको सह - संरक्षक हुनेछ

**६. निर्देशन पालना गर्नुपर्ने :** संरक्षकले दिएको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

१.नगर खेलकुद विकास समिति दशरथचन्द नगरपालिकाको खेलकुद क्षेत्रमा क्रियाशिल रहने दशरथचन्द नगरपालिकाको एउटा संस्था हुनेछ ।

पुष्कर राज जोशी
नगर प्रमुख

२. समितिको सबै काम कारवाहीको निमित्त आफ्नै छुट्टै छाप हुनेछ सोको लागि नगर कार्यपालिकाबाट अनुमती लिन पर्नेछ ।

७ पदावधि :

१. यस नगर खेलकुद विकास समितिको पदावधि ३ वर्षको हुनेछ ।

२. पदावधि समाप्त नहुदै कुनै सदस्यहरुको पद रिक्त हुन आएमा निज जुन हैसियतले मनोनित भएको हो सोही हैसियतको अर्को व्यक्तिलाई मनोनित गरिनेछ ।

३. कुनै सदस्यले आफ्नो कर्तव्य पालना गरेको छैन भन्ने लागेमा समितिको बहुमतको निर्णय सहितको सिफारिसमा नगरपालिकाले त्यस्तो सदस्यलाई जुनसुकै वखतमा पनि हटाउन सक्नेछ । त्यस्तो कारवाही गर्दा सम्बन्धित सदस्यलाई सफाई दिने मौकाबाट बञ्चित गरिने छैन ।

८. सदस्यको अयोग्यता :

देहायको कुनै व्यक्ति समितिमा मनोनयन हुन वा वहाल रहन सक्ने छैन

क) गैर नेपाली नागरीक

ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुर ठहरिएमा

ग) मगज विग्रेको ।

९. सदस्यता समाप्त हुने अवस्था :

देहायको अवस्थामा सदस्यता समाप्त भएको मानिनेछ ।

क) दफा ८ बमोजिम सदस्यतामा वहाल रहन अयोग्य भएमा

ख) सदस्यले राजिनामा गरेमा

ग) सदस्यको मृत्यु भएमा

घ) दशरथचन्द नगरपालिका नगर खेलकुद विकास समितिलाई उचित कारण सहितको सूचना नदिई लगातार ३ पटक सम्म समितिको बैठकमा अनुपस्थित भएमा

परिच्छेद : ४

## नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार

**१०. समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) खेलकुद क्षेत्रको विकास गर्न खेलकुद प्रतियोगिताको आयोजना गराउने ।

पुष्कर राज जोशी
नगर प्रमुख

ख) खेलकुद सम्बन्धि प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी, समितिका सदस्य तथा कर्मचारीलाई प्रदेश, केन्द्र वा विदेशमा समेत पठाउने । खेलकुद सम्वन्धि विभिन्न कार्यक्रम संचालन गर्ने तथा सहभागी गराउने ।

ग) खेलकुद सम्बन्धि संस्थालाई आर्थिक वा खेलकुद सम्वन्धी विभिन्न कार्यक्रम संचालन गर्ने वा अन्य सहयोग प्रदान गर्ने ।

घ) शिक्षण संस्थाहरुमा खेलकुद सम्बन्धि प्रशिक्षण प्रतियोगिता संचालन गर्ने तथा खेलकुदको जानकारी सम्बन्धि प्रचार प्रसार गर्ने गराउने ।

ङ) खेलकुदको स्तरोन्नती बिकासका लागी खेल पूर्वाधार निर्माण आवश्यकता तथा सम्भाव्यताको अध्ययन गर्ने ।

च) खेलकुदको विकासका लागि वडा खेलकुद विकास समितिहरु गठन गर्ने साथै खेलकुद सम्बन्धि संस्थाहरु, क्लवहरु दर्ता गर्ने र नगरपालिकालाई सिफारिस गर्ने

छ) खेलाडीहरुलाई सहायता तथा छात्रवृत्ति प्रदान गर्नका लागि नगरपालिकालाई सिफारिस गर्ने,राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भई नगरको राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सहभागीता जनाई राष्ट्रिय गौरब एवम प्रतिष्ठा आर्जनमा महत्वपूर्ण योगदान पुरयाएका नगरपालिकाका खेलाडीहरुका लागि नगरपालिकालाई सिफारिस गर्ने ।

ज) खेलाडीको संस्थाको संरक्षण गर्नका लागि अबिलम्ब व्यवस्था गर्ने ।

झ) खेलकुदको विकासका लागि अन्य आवस्यक व्यवस्था गर्ने गराउने ।

**११. समितिको बैठक र निर्णय :**

१. अध्यक्ष बाट निर्देशन भए अनुसार सदस्य सचिवले मिति, समय र स्थान तोकि समितिको बैठक बोलाउनेछ ।

२. समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति भएमा सदस्यहरुले आफुमध्ये बाट छानेको जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

३. समितिको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिती भएमा बैठकको लागि गणपुरक संख्या रहेको मानिनेछ ।

४. समितिको बैठक बर्षमा कम्तिमा ३ महिनामा १ पटक बस्नेछ ।

५. बैठकमा बहुमतको संख्या मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन पाउनेछ ।

पुष्कर राज जोशी
नगर प्रमुख

६. सदस्य सचिबले बैठकको निर्णय को अभिलेख राख्नेछ ।

७. यस दफामा लेखिए बाहेक बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैले निर्णय गरे बमोजिम हुनेछ

**परिच्छेद : ५**

**१२ पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार**

यस कायविधिको दफा ९ समेतका सम्पुर्ण अधिकार तथा कर्तव्यहरुको अधिनमा रही खेलकुद समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) अध्यक्ष :

१. यो कार्यविधिमा भएका बिषयहरु लगाएत खेलकुदको विकास विस्तारका विषयमा नगर खेलकुद विकास समितिलाई आवश्यक निर्देशन दिने ।

२. बैठकको अध्यक्षता गर्ने ।

३. खेलकुदको विकास र विस्तारका लागि आवश्यक कार्य योजना बनाई नगरपालिकालाई जानकारी गराउदै खेलकुद मैत्री वातावरण बनाउने योजना बनाउने ।

ख) उपाध्यक्ष :

१. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्नुपर्ने सम्पुर्ण कार्यहरु गर्ने

२. अध्यक्ष तथा समितिले तोके बमोजिम काम गर्ने ।

ग) सचिव :

२. नगर खेलकुद विकास समितिको बैठकको लागि विषयसूची तयार गर्ने र बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने ।

३. नगर खेलकुद विकास समितिको सचिवालय स्थापना गर्ने ।

४. खेलकुद सम्बन्धि बिषयमा जिल्ला, प्रदेश तथा राष्ट्रिय ईकाईहरु संग सम्पर्क र समन्वय कायम गर्ने

५. नगर खेलकुद विकास समितिका.का अधिकार, काम। कर्तव्यको निर्णय अनुसार कार्यान्वयन गर्ने गराउने

६. खेलकुद विकास सम्बन्धि वा अन्य अपरझट रुपमा आईपरेका समस्या एवम कार्यहरु सम्पन्न गर्ने र यस प्रकार सम्पन्न गरिएका कामहरु नगर खेलकुद विकास समितिको बैठकबाट अनुमोदन गराउने

७. दैनिक प्रशासनिक कामहरु गर्ने गराउने ।

८. बार्षिक कार्यक्रमहरु तयार गरी बैठकमा पेश गर्ने ।

घ) सदस्यहरु : नगर खेलकुद विकास समितिको निर्णय अनुसार तोकिदिएको कार्य सम्पादन गर्ने गराउने ।



पुष्कर राज
नगर प्रमुख

**१३. नगर खेलकुद बिकास समितिका पदाधिकारी एवम सदस्यहरुलाई दिने सुबिधा**

क) नगरपालिकाबाट निर्णय गरिएको बैठक भत्ता ।

ख) दशरथचन्द नगरपालिका खेलकुद बिकास समितिको कामले जिल्ला, प्रदेश एवम राष्ट्रिय रुपमा भ्रमण गर्दा नगरपालिकाबाट निर्णय गरिए बमोजिम आवत जावत वापतको लाग्ने सवारी भाडा तथा दैनिक भ्रमण भत्ता ।

ग) नगर खेलकुद विकास समितिको कामको सिलसिलामा निज वा भाडामा सवारी साधन प्रयोग गर्दा लागेको ईन्धन खर्च वा यस्ता अन्य खर्चहरु ।

घ) नगरपालिकाले निर्णय गरेका अन्य सम्बन्धित खर्चहरु ।

परिच्छेद : ६

**संघ संस्था र क्लवहरु दर्ता कार्यविधि :**

१४) नगरपालिका खेलकुद सम्बन्धि संस्थाले दर्ता गराउनु चाहेमा देहाय बमोजिमको कार्यविधि अवलम्वन गराउनु पर्नेछ ।

क) संस्थाको नाम र ठेगाना

ख) संचालन गर्ने खेलकुदको किसिम

ग) कार्य समितिको सदस्यहरुको नामावली, ठेगाना र पेशा समेत

**१५. नगर वडा खेलकुद समिति :**

नगर खेलकुद विकास समितिले आवश्यक कार्यविधि र मापदण्ड बनाई नगरपालिकाका ११ वटै वडामा वडा खेलकुद विकास समिति गठन गर्न सक्नेछ ।

१६. नगर खेलकुद विकास समितिको कार्यालय : नगर खेलकुद विकास समितिको मुख्य कार्यालय नगरपालिकाको केन्द्रिय कार्यालयमा नै रहनेछ ।

परिच्छेद : ७

**१७.नगर खेलकुद विकास समितिको आर्थिक स्रोत तथा कोष**

क) नगरपालिकाले विनियोजन गरेको खेलकुद शिर्षकको बजेट ।

ख) विभिन्न कार्यहरु तर्जुमा गरी संकलन हुन आएको रकम वा पुरुस्कारको रकम ।

पुष्कर राज जोशी
नगर प्रमुख

ग) नगरपालिका र नगर खेलकुद विकास समितिको हित, उद्देश्य, निती र स्वार्थमा नकारात्मक असर नपर्ने गरी प्राप्त हुन आउने चन्दा, आर्थिक अनुदान वा दान आदि ।

घ) खेलकुद सम्वन्धि संघ र संस्था र क्लवहरु दर्ता वा नविकरण गर्दा प्राप्त हुने सदस्यता वा नविकरण वाफत प्राप्त हुने रकम । माथि जे सुकै लेखिएको भएता पनि नगरपालिका आर्थिक संचालन एवम व्यवस्थापन सम्वन्धि नियम कानुनको अधिनमा रही आर्थिक कार्य संचालन गर्नका लागि नगर खेलकुद विकास समितिले  कार्ययोजना बनाई नगरपालिका बाट स्वीकृति लिएमा कार्य सम्पन्न गर्नु पर्नेछ ।

**१९. स्वयम्सेवक प्रशिक्षक नियूक्ति प्रकृया :**

दशरथचन्द नगरपालिले राष्ट्रीय तथा अन्तरराष्ट्रीय खेलेका खेलाडीहरु बाट नगरप्रमुखको सिफारिसमा नगर कार्यपालिकाले स्वयम्सेवक प्रशिक्षक नियूक्ति गर्न सक्ने छ ।

अनुसूचि १

नगर खेलकुद विकास समितिको झन्डा, छाप र लोगो दफा १८ बमोजिमको ढांचामा तपसिल अनुसार हुनेछ .

झन्डा, छाप र लोगो

२०. नगर खेलकुद विकास समितिको झण्डा, छाप र लोगो खेलकुद विकास समितिको झण्डाको रंग निलो हुनेछ । जस्को साईज २ फिट चौडा र ३ फिट लम्बाई हुने, यस झण्डाको बिचमा दशरथचन्दको तस्विर हुनेछ । अनुसूची १ मा उल्लेख भए बमोजिम नमुना नै यसको लोगो सहित छाप हुनेछ ।

नगर खेलकुद विकास समिति
दशरथचन्द न.पा., बैतडी

**२१. निर्देशिका जारी गर्न सक्ने:** यस कार्यविधिको उद्देश्य प्राप्तिका लागि समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

**२२.अधिकार प्रत्यायोजन :** समितिले यस आदेश बमोजम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

पुष्कर राज जोशी
नगर प्रमुख

२३ खारेजी र संशोधनः

दशरथचन्द नगरपालिका नगर कार्यपालिका तथ नगरसभा बाट यस कार्यबिधिमा आवश्यकता अनुसार संशोधन, थपघट गर्न सक्नेछ ।

अनुसूची २

शपथ - ग्रहण

क) नगर खेलकुद विकास समितिका सम्पूर्ण पदाधिकारी एवम सदस्यहरु लाई नगरपालिकाका प्रमुख एवम नगर खेलकुद विकास समिति संरक्षकले पद तथा गोपनियताको सपथ गराउनेछ ।

शपथको ढाँचा

म................................................, दशरथचन्द नगरपालिका, जनता र खेलाडीहरु प्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रहँदै दशरथचन्द नगरपालिका नगर खेलकुद विकास समितिको .................. पदको कामकाज प्रचलित कानुनको अधीनमा रही दशरथचन्द नगरपालिका, खेलाडी र जनताको सोझो चिताई कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ काम गर्नेछु र आफ्नो कर्तव्यपालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन् ।

नाम, थरः.. ..........................................

पद.....................

सम्पर्क न........................

पुष्कर राज जोशी
नगर प्रमुख